# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ४ ] काठमाडौं फाल्गुन ७ गते २०११ साल [ अतिरिक्ताङ्क


भाग १

## श्री ५ महाराजाधिराजबाट २०११ साल राष्ट्रिय दिवसको उपलक्षमा बक्सेको

# शाही घोषणा

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविधविरुदावली विराजमान मानोन्नत ओजस्वी राजन्य प्रोज्ज्वल नेपालतारा ओंरामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिण बाहु महाधिपति सर्वोच्च कम्याण्डर इनचीफ फिल्डमार्शल श्रीमन् महाराजाधिराज श्री श्री श्री महाराज त्रिभुवन वीर विक्रम जंगबहादुर शाहबहादुर शमशेर जंगदेवानाम् सदा समरविजयिनाम्।

**प्यारा दिदी बहिनी दाजु भाइहरु,**

आज आफ्नो मातृभूमिको महान् राष्ट्रिय दिवसको उपलक्षमा तपाईहरुको साथ देशमा रहनुको बदला देशबाट हजारौं कोश टाढा बसी यो हार्दिक संदेश



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मात्र पठाउनु पर्दा मलाई ज्यादै अफसोच लागेको छ। तर आजको यो शुभ दिनले फेरि देशमा नयाँ एकताको भावना उठी आपसी मेल मिलापको साथै काँधमा काँध मिलाई देशलाई माथि पुर्‍याउने शक्ति मिल्नेछ भन्ने यही मेरो हार्दिक शुभकामना छ। अहिलेको परिस्थितिमा म नेपालमा हुनु बहुतै आवश्यकता थियो र म आउन पनि तयार भएको बेलामा अकस्मात् फेरि उही पुरानो रोग उल्टी बिल्कुल असक्त अवस्था भएको र डाक्टरहरूले पनि चल्नेसम्म नहुने सल्लाह दिएकोले तुरुन्तै नेपालमा तपाईंहरूको सुख दुःखमा सरीक भै काँधमा काँध मिलाई वर्तमान परिस्थितिको सामना गर्ने काममा तपाईंहरूलाई मद्दत दिन नसक्ने अवस्था भएकोले बहुतै अफसोच लागेको छ। तसर्थ हाललाई छोरा नानी श्री ५ युवराजधिराजलाई यहाँ बोलाई देशको वर्तमान परिस्थिति हेरी कसो गरे देश र देशवासीहरूको भलाई हुन्छ। यथासक्य जन–आवाज सुनी आवश्यक सबै काम काज गर्ने गर्नू भनी अर्‍हाई ममा रहेको सबै शाही अधिकार पूर्ण तवरले दिई पठाएको छु। तपाईंहरूले पनि मुलुक उँभो लाग्ने काममा हर तरहबाट छोरा नानी श्री ५ युवराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवलाई मद्दत दिनुहोला भन्ने पूरा विश्वास राखेको छु। म पनि तपाईंहरूको र देशसेवा गर्न समर्थ हुनासाथ चाँडै नै आउनेछु। श्रीपशुपतिनाथले देश र देशवासीलाई सदैव सुबुद्धि दिई कल्याण गरून्।

जय नेपाल!

मिति २०११।११।७।६

नीस, फ्रान्स।

हुकुम बक्सेबमोजिम,

मी. सु. हंसमानसिंह,

श्री ५ महाराजाधिराजको सेक्रेटरी.



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।